नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

## मेडिकल अधिकृतको आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१८**

यस स्वास्थ्य बीमा बोर्ड, बबरमहल, काठमाडौंलाई मेडिकल अधिकृतहरुको आवश्यकता भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| | विज्ञापन नं. | पदनाम | श्रेणी/तह | आवश्यक संख्या | कार्य अवधि |
|---|---|---|---|---|---|
| १. | १/०८१/८२ | मेडिकल अधिकृत | आठौं | १८० | ९० कार्यदिन |

१. उम्मेदवारको आवश्यक योग्यता :
  क) मेडिकल अधिकृतः मान्यता प्राप्त विश्वविद्यालयबाट एम.वि.वि.एस. उत्तीर्ण गरी मेडिकल काउन्सिलको प्रमाणपत्र प्राप्त गरेको ।
  ख) नेपाली नागरिक।
  ग) २१ वर्ष पूरा गरी ४५ वर्ष ननाघेको।
  ग) कुनै पनि फौजदारी अभियोगमा सजाय नपाएको ।
  घ) अन्य प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
२. दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरू:
  क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
  ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
  ग) मेडिकल काउन्सिलबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
  घ) स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्रको प्रतिलिपि।
  ङ) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो।
३. उम्मेदवार छनौटको प्रक्रिया: अन्तर्वार्ता
४. उम्मेदवारसँग हुनुपर्ने आवश्यक सामग्री: आफ्नै ल्यापटप वा अन्य working device हुनुपर्ने छ। ल्यापटप वा अन्य Device प्रयोग गरेबापत एकमुस्ट रु. ७,५००/०० (अक्षेरेपी रु सात हजार पाँच सय मात्र ) प्रदान गरिनेछ।
५. दरखास्त दस्तुरः- रु. १,०००/०० (अक्षेरेपी रु एक हजार मात्र )
६. तलव तथा अन्य सुविधा:- नेपाल सरकारको आठौं तह सरहको तलब सुविधा र अतिरिक्त समय काम गरेबापत अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ।
७. दरखास्त फारम र बुझाउने स्थानः दरखास्त फारम यस बोर्डको वेवसाईट www.hib.gov.np बाट डाउनलोड गर्न सकिनेछ। दरखास्त फारम साथ राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, टेकु, काठमाडौंको बैंक खाता नं. १०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२४, कार्यालय कोड नं. ३७०३१२३५०१ मा नगद जम्मा गरेको सक्कलै भौचर सहित स्वास्थ्य बीमा बोर्ड, बबरमहलको प्रशासन शाखामा पेश गर्नु पर्नेछ ।
८. दरखास्त बुझाउने अन्तिम मितिः प्रथम पटक प्रकाशित मितिले ७ दिन भित्र ।अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ।

*नोटः अन्तर्वार्ता सम्बन्धी विस्तृत जानकारी बोर्डको वेबसाइट www.hib.gov.np मा प्रकाशन गरिनेछ ।*

१. दरखास्तको अन्तिम मिति सम्ममा न्युनतम उमेर पुरा गरेको र उमेर हद ननाघेको हुनुपर्नेछ । शैक्षिक योग्यता र अन्य योग्यता प्राप्त गरिसकेको हुनुपर्नेछ ।
२. तोकिएको म्यादभित्र पेश नभएको वा न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य बिवरण नखुलेको वा तोकिएको दस्तुर बुझाएको बैंक भौचर नभएमा दरखास्त स्वीकृत गरिनेछैन ।

**पदपूर्ति समिति**